*Received date: December, 2025*
*Accepted date: March, 2026*
*Published date: May, 2026*

# लेखनाथ पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन
# (Genre recognition in the play of Lekhnath Paudyal's poems)

**अनिल अधिकारी**
उपप्राध्यापक, नेपाली विभाग,
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
Email : aniladhikaribhojpur@gmail.com
ORCID: https://orcid.org/0009-0001-4095-8833

*शब्दकुञ्जी :* अभिनेयात्मकता, दृश्यविधान, द्वन्द्वविधान, संवादयोजना

*Keywords:* acting, visual design, conflict design, dialogue

**लेखसार :**
*प्रस्तुत लेख लेखनाथ पौड्यालका कविताको नाटकमा विधाप्रत्ययनको विश्लेषणमा केन्द्रित छ भने यही प्राज्ञिक विषयलाई यसको शोधसमस्याका रूपमा चयन गरिएको छ। पुस्तकालयबाट सामग्रीको सङ्कलन गरिएको यस लेखमा लेखनाथ पौड्यालका समग्र कविताको पठन गरी नाटकमा विधाप्रत्ययन गरिएका 'श्रीकृष्ण-लीलाको सानू किरण', 'शिक्षक र भिक्षुक', र 'नारद र विज्ञान' लाई विश्लेषणका लागि सोद्देश्य चयन गरिएको छ। विनिर्माणको साहित्यकेन्द्री सिद्धान्तका रूपमा विधाभञ्जनको अध्ययन गर्ने विधाप्रत्ययनलाई सैद्धान्तिक अवधारणाका रूपमा उपयोग गरिएको यस लेखमा पाठविश्लेषण विधिलाई उपयोग गरिएको छ। कविताको नाटकमा विधाप्रत्ययन गर्ने आधारका रूपमा नाटकलाई अन्य साहित्यिक विधाबाट अलग तुल्याउने विधेदक अभिलक्षणयुक्त तत्त्वका रूपमा दृश्यविधान, संवादयोजना, द्वन्द्वविधान र अभिनेयात्मकतालाई सूचकका रूपमा लिइएको छ। कविता जीवनजगत्सँग सम्बन्धित विषयको उन्मुक्त गायन गरिने गेय विधा भए पनि यसमा नाटकका अभिलक्षणको अन्तर्घुलन हुनु नाटकमा विधाप्रत्ययन हो। पौड्यालका कविताको अन्तर्वस्तु सिर्जना गर्नका लागि दृश्ययोजनाको भूमिका सशक्त छ भने यसले काव्यिक सौन्दर्यलाई विषयपरक तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ। यसका साथै यस लेखमा काव्यिक निर्मितिमा संवाद र द्वन्द्वको उपस्थितिले कविताको सौन्दर्यसत्ता समाप्त भई नाटकीय कथनमा परिणत भएका यी कवितामा अभिनेयात्मकताको उचित निर्देश र मञ्चनीयता आमन्त्रणका कारण नाटकमा विधाप्रत्ययन भएको निष्कर्षमा पुगिएको छ।*

## Abstract
*Genre appropriation in Lekhnath Paudyal's poetic dramas is the focus of this article's analysis, and it constitutes the research problem. This article analyzes genre appropriation in the dramas 'Shri Krishna-Leela', 'Teacher and Monk', and 'Narad and Science'. The analysis draws from library materials and a thorough reading of Lekhnath Paudyal's poems. Genre fragmentation is studied in this article via meta-analysis, presented as a literary-centered construction theory. Poetic drama is distinguished from other literary genres by its use of visual devices, dialogue schemes, conflict devices, and acting as its defining characteristics for genre identification. As the basis for genre identification in poetic drama, visual design, dialogue design, conflict design, and acting have been taken as the distinctive characteristic elements that distinguish drama from other literary genres. While poetry is a lyrical genre that freely explores life, drama's genre identification is characterized by its integrated dramatic elements. In Poudyal's poetry, visual design is crucial for content creation and establishing thematic poetic beauty. Moreover, the article concludes that the inclusion of dialogue and conflict in poetry has sacrificed its beauty for a dramatic narrative. It argues that through suitable acting direction and staging, the form has shifted into drama.*

**विषयपरिचय**

प्रस्तुत लेखमा लेखनाथ पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गगरी संरचित रहेको विषयको अध्ययन गरिएको छ । सृजनवृत्तमा लेखनाथ पौड्याल माध्यमिककालीन कविताधारालाई अन्त्य गरी आधुनिकतालाई स्थापना, विकास र उत्कर्षमा पुऱ्याउने स्रष्टा हुन् । सिर्जनाक्षेत्रमा कविताकल्पद्रुम (१९६२) कवितासङ्ग्रहमा “श्रृङ्गार पच्चिसी” र “मानसाकर्षिर्णी” कविताको प्रकाशनबाट आरम्भ गर्ने पौड्यालका लालित्य भाग १ (२०१०), लालित्य भाग २ (२०२५), कविशिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता (२०४१) र लेखनाथका प्रमुख कविता (२०४६) कवितासङ्ग्रह प्रकाशित छन् । सिर्जनात्मक सौन्दर्यका दृष्टिले पौड्यालका मुक्तकाकार रचना नै कविताइतरका विधाका अभिलक्षणलाई आधार बनाई संरचित छन् । संरचनात्मक दृष्टिले एकश्लोकी मुक्तकाकार कविताको सिर्जना गर्नका लागि सम्पूर्ण नाटकीयतालाई प्रयोग गरिएका यिनका ‘श्रीकृष्ण-लीलाको सानू किरण’, ‘शिक्षक र भिक्षुक’, र ‘नारद र विज्ञान’ कविता सम्पूर्णतः नाटकीय विशेषता र सौन्दर्यको प्रयोग गरी संरचित छन् । यस लेखमा पौड्यालका यी कविताको नाटकमा विधाप्रत्ययन गरिएको विषयलाई शोधसमस्याका रूपमा लिई तिनको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

नेपाली कविताको कविताइतरका विधामा विधाप्रत्ययन गरी लेख्ने प्रक्रियाको आरम्भ आधुनिक कालको आरम्भसँगै भएको हो । आधुनिक नेपाली कविताको पहिलो चरणका परिष्कारवादी, स्वच्छन्दतावादी भावधाराका अतिरिक्त प्रयोगवादी सौन्दर्य अवधिमा पनि यसको निरन्तर प्रयोग गरिएको छ । नेपाली कविताको कविताइतरका विधामा विधाप्रत्ययन गरिएको विषयलाई सर्भेक्षण गर्दा सर्वप्रथम लेखनाथ पौड्यालका कवितामा यसको स्वरूप फेलापर्दछ भने यस शिल्पसौन्दर्यको अवलम्बन लेखनाथपछिका कविका कवितामा पनि प्रयोग गरिएको छ । आधुनिक नेपाली कविताका प्रणयनकतौ पौड्यालका कविताबाटै आरम्भ भएको कविताको नाटकमा विधाप्रत्ययनको प्रक्रिया नेपाली कविता परम्परामा वर्तमानसम्म निरन्तर गतिशील छ। नेपाली कविताको आधुनिकतासँगै आरम्भ भएको कविताको विनिर्माणको प्रक्रिया पौड्यालको ‘श्रीकृष्ण-लीलाको सानू किरण’ कवितालेखनमा अवलम्बन गरिएको विधाप्रत्ययनको प्रक्रियाबाट आरम्भ भएको हो । यस कविताको संरचना पूर्णतः नाटकीय छ । पौड्यालकै ‘श्रीकृष्णलीलाको सानू किरण’, ‘शिक्षक र भिक्षुक’, र ‘ नारद र विज्ञान’, कविता नाट्यायन भई संरचित रहेका छन् । यी कविताहरू मुक्तकाकार संरचानका भए पनि यिनमा अवलम्बन गरिएको नाटकीयता दृश्य, संवाद, द्वन्द्व र आकस्मिकताको संयोजन भई संरचित छन् । यी कविताको संरचनात्मक आयाम प्रगीतात्मक कविताको मुक्तक भेद (एक र दुई श्लोक) हो भने यही संरचनात्मक आयामभित्र पनि नाटकीय सौन्दर्यको प्रयोग गरी कविता लेख्न सकिन्छ भन्ने विषयलाई पुष्टि गरेको छ । पौड्यायलका यी कविताको संरचना विधासौन्दर्यका दृष्टिले नाटकमा विधाप्रत्ययन गरिएका रचना हुन् ।

विधाप्रत्ययन साहित्यिक विधाबीचको विधागत अन्तर्सम्बन्ध हुने संरचनावादी मान्यताको विपरीति तिनको संरचना विधागत अभिलक्षणका आधारमा स्वतन्त्र हुन्छ भन्ने विधाभञ्जनको सैद्धान्तिक अवधारणा हो । विधाप्रत्ययन कविता भनिएका कृतिमा इतरका विधाको सौन्दर्यमूल्यका आधारमा नभई तिनमा विद्यमान सौन्दर्य र विधातत्त्वका आधारमा अध्ययन गर्नुपर्ने सैद्धान्तिक अवधारणा हो । विधाप्रत्ययनका आधारमा कृतिको पठन गर्दा तिनमा विद्यमान दाबी गरिएको विधाका तत्त्वका आधारमा नभई इतर विधाका अभिलक्षणलाई आधार मानी तिनको सौन्दर्य र संरचनाको अध्ययन गरिन्छ । कविताको विधाप्रत्ययन भई नाटक, आख्यान र निबन्धीय विशेषता भएका कृतिमा इतरविधाको विभेदक अभिलक्षण निर्धारण गर्ने तत्त्वको उपस्थितिलाई आधार मानी तिनकै आधारमा ती कसरी विधाप्रत्ययन भए भन्ने पक्षको खोजी गरिन्छ । विधाप्रत्ययन साहित्यको संरचना भिन्न विधागत अभिलक्षणको अन्तर्मिश्रण र विधागत अन्तर्सम्बन्धका आधारमा सृजित हुने परम्परावादी र आधुनिक संरचनावादी विधासिद्धान्त विरोधी सैद्धान्तिक अवधारणा रहेकाले यसले कविताको सौन्दर्य निर्मितिका लागि अवलम्बन गरिएका नाटकीयता, आख्यानात्मकता र निबन्धात्मक विशेषताका आधारमा तिनको स्वतन्त्र पठन गरी विधागत प्राप्ति र सौन्दर्यको खोजी गर्दछ ।

नेपाली कविता परम्परामा कविताको नाटकमा विधाप्रत्ययन गरी संरचित कृतिको लेखन र प्रकाशन आधुनिक कालको आरम्भदेखि नै भएको हो । आधुनिक नेपाली कविता परम्परामा यसको आरम्भ लेखनाथ पौड्यालबाटै भएको हो भने यिनका ‘श्रीकृष्णलीलाको सानू किरण’, ‘शिक्षक र भिक्षुक’, र ‘नारद र विज्ञान’, नाट्यायन काव्यिक अभिव्यञ्जना र सौन्दर्यका तूलनामा सशक्त छ । यी कविता रचनाका क्रममा मुक्तकाकार एकश्लोकी कवितालाई दृश्य, संवाद र द्वन्द्वात्मकता र अभिनेयात्मकताका माध्यमबाट प्रस्तुत गरिएको छ । यिनै नाट्यायन गरी संरचित मुक्तकाकार कविता नै आधुनिक कविता परम्परामा कविताको नाटकमा विधाप्रत्ययन गरिएको कृतिको उदाहरण हुन् । नेपाली कविताको परिष्कारवादी भावधारा र आधुनिकताका प्रणयनकर्ताकै कृतिबाट आरम्भ गरिएको कविताको नाटकमा विधाप्रत्ययनको स्वरूप यसका अन्य भावधारामा पनि प्रसारित र विकसित भएको हो । यस लेखमा लेखनाथ पौड्यालद्वारा लिखित ‘श्रीकृष्णलीलाको सानू किरण’, ‘शिक्षक र भिक्षुक’, र ‘नारद र विज्ञान’ कविताको नाटकमा विधाप्रत्ययन भएको विषयलाई विश्लेषण

गरिएको छ । यस लेखमा कविताको आख्यान र निबन्धमा विधाप्रत्ययन गरिएको विषयको विश्लेषण तथा विधाभञ्जनका सैद्धान्तिक अवधारणाका रूपमा विधामिश्रण, विधाप्रत्ययन, अन्तर्पाठीयता र अन्य विषयका आधारमा कृतिको विश्लषणलाई विषयगत र सैद्धान्तिक सीमाङ्कनका रूपमा राखिएको छ ।

**समस्याकथन**

प्रस्तुत लेखको प्रमुख समस्या भन्नु नै नेपाली कविताको नाटकमा विधाप्रत्ययनको स्वरूपको विश्लेषण गर्नु हो । नेपाली कविताको नाटकमा विधाप्रत्ययन गरिएको विषय महत्त्वपूर्ण प्राज्ञिक कार्य हो भने यस विषयमा गरिएका पूर्वाध्ययनले यसका लागि रिक्तता स्थापित गरेका छन् । नेपाली कविता विधाप्रत्ययन भई विधाभञ्जन भएको विषयमा गरिएका गोविन्दराज भट्टराई (२०६२) र (२०६४) र लक्ष्मणप्रसाद गौतम (२०६६) का अध्ययनमा उत्तरआधुनिक बहुलवादी प्रभावका कारण नेपाली कविताको विधाप्रत्ययन र विधाविभग्नता सिर्जन भएको विषयको विश्लेषण गरिएको छ । सङ्क्षिप्त अवधारणात्मक आधार दिई प्रवृत्तिपरक र संश्लेषित यी अध्ययनले नेपाली कविता विधाभञ्जन भई संरचित रहेको विषयलाई पुष्टि गरेका छन् । नेपाली कवितामा विधाभञ्जन शीर्षकमा शोधकार्य गर्ने अनिल अधिकारीले ३०३६ सालपछिका कविताकृतिमा विधाभञ्जन भएको विषयको अध्ययनका क्रममा विधाभञ्जनको मुख्य आधारका रूपमा विधाप्रत्ययनसम्बन्धी सैद्धान्तिक आधार निर्माण गरी उक्त अवधारणाका आधारमा नेपाली कविता २०३६-२०७८ अवधिका कविताको सर्वेक्षण र विश्लेषण गरेका छन् । यस अध्ययनका आधारमा नेपाली कविताको कविता इतरका विधामा विधाप्रत्ययन गरी संरचित रहेको तथ्यको पुष्टि हुन्छ भने यस शोधअवधिपूर्व संरचित कवितामा यस विषयको अध्ययनका लागि रिक्तताको समेत पुष्टि हुन्छ । यस लेखमा लेखनाथ पौड्यालका कविताको नाटकमा विधाप्रत्ययनलाई शोधसमस्याका रूपमा लिई त्यसको विश्लेषण गरिएको यस लेखमा लेखनाथ पौड्यालका कवितामा दृश्यविधान केकस्तो छ ?, लेखनाथ पौड्यालका कवितामा संवादयोजना कसरी छ ?, लेखनाथ पौड्यालका कवितामा द्वन्द्वविधान कसरी छ ? र लेखनाथ पौड्यालका कवितामा अभिनेयात्मकता किन छ ? भन्ने शोधप्रश्नका आधारमा चयन गरिएका कृतिको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधसमस्याका आधारमा लेखनाथ पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गरिएको विषयलाई विश्लेषण गरी सत्यापन गर्नु नै यस लेखको मुख्य उद्देश्य हो । यस लेखमा लेखनाथ पौड्यालका 'श्रीकृष्ण-लीलाको सानू किरण', 'शिक्षक र भिक्षुक', र 'नारद र विज्ञान' कृतिका अतिरिक्त अन्य कविका कवितामा नाटकीयता सिर्जना गरी कविताको नाटक र अन्य विधामा गरिएको विधाप्रत्ययनको विश्लेषणलाई सीमाङ्कनका रूपमा राखिएको छ । यस लेखमा कविताको नाटकमा विधाप्रत्ययन भएको विषयको मात्र व्याख्या गरिएको छ ।

**शोधविधि**

प्रस्तुत लेखमा सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । यस अर्थमा यो पुस्तकालय कार्यसँग सम्बन्धित अध्ययन हो । यस लेखमा प्राथमिक सामग्रीका रूपमा आधुनिक नेपाली कविताअन्तर्गत लेखनाथ पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गरिएका कवितालाई चयन गरिएको छ । यसमा लेखनाथ पौड्यालका समग्र कविताको पठन गरी ती मध्येबाट नाटकमा विधाप्रत्ययन गरिएका 'श्रीकृष्ण-लीलाको सानू किरण', 'शिक्षक र भिक्षुक', र 'नारद र विज्ञान' लाई विश्लेषणका लागि सोद्देश्य चयन गरिएको । यस लेखमा द्वितीयक स्रोतका सामग्रीका रूपमा विभिन्न शोधपत्र, अनुसन्धानात्मक लेख र सन्दर्भग्रन्थ सङ्कलन गरिएको छ । यी सामग्रीबाट कविताको नाटकमा विधाप्रत्ययन हुने आधार र अवधारणासम्बन्धी विषयका साथै अध्ययनको रिक्ततासम्बन्धी आधार तयार गर्ने प्रयोजनका लागि उपयोग गरिएको छ । गुणात्मक अनसन्धान पद्धतिमा आधारित भई तयार गरिएको यस लेखमा सिङ्गो पाठलाई उद्धरणका रूपमा लिई तिनमा नाटकीकरणको विश्लेषण गरिने भएकाले यो पाठविश्लेषणमा आधारित अध्ययन हो । पाठमा प्रस्तुत भएका नाटकप्रधान अभिव्यक्तिका आधार, प्रक्रिया तथा शिल्पसमेतको विश्लेषण गरिने भएकाले यो निगमनात्मक र आगमनात्मक विधिसँग सम्बन्धित अध्ययन हो । यस लेखको सैद्धान्तिक आधार विनिर्माणको साहित्यसँग सम्बन्धित अध्ययन गर्ने विधाभञ्जनको सैद्धान्तिक अवधारणाका रूपमा विधाप्रत्ययनलाई उपयोग गरिएको छ ।

**सैद्धान्तिक आधार**

विधाप्रत्ययन विधाभञ्जनको सैद्धान्तिक अवधारणा हो । विधाप्रत्ययन साहित्यसँग सम्बन्धित अध्ययन र अनुसन्धान गर्ने विधाभञ्जनको सिद्धान्तमा आधारित विषय हो । यसको सैद्धान्तिक आधार र अवधारणाको निर्माण विनिर्माणको केन्द्रभञ्जनबाट

भएको हो । विधाभञ्जन साहित्यिक सृजनका लागि मूलविधाको केन्द्रमा इतरविधाको उपस्थिति सहयोगी घटकका रूपमा हुने पूर्ववर्ती साहित्यको विधासिद्धान्त र आधुनिक संरचनावादी साहित्यसिद्धान्तको विपरीत मान्यता हो । विधाभञ्जन शब्दको निर्माण 'विधा' र भञ्जन शब्दको योगबाट भएको हो । विधाभञ्जनसम्बन्धी पारिभाषिक शब्दलाई सर्वप्रथम प्रयोग गर्ने व्यक्ति ज्याक डेरिडा हुन् भने यसको अङ्ग्रेजी स्वरूप न्भलचभ दष्लमष्लन हो (डेरिडा, सन् १९८०, पृ. ५७) । विधाभञ्जनसम्बन्धी यही अवधारणालाई आधार बनाई पछिल्ला समयमा यसको सैद्धान्तिक स्वरूप आधार र अवधारणालाई विस्तार गरिएको छ । विधाभञ्जन साहित्यका विषयमा निर्माण गरिएका र स्थापित भएका परम्परागत सबै मान्यतालाई अस्वीकार गरी एउटै पाठमा रहेका बहुविधात्मक अभिलक्षणका आधारमा तिनलाई स्वतन्त्र र स्वायत्त पठन गरिनुपर्छ भन्ने सैद्धान्तिक अवधारणा हो । विधाभञ्जन एकै सिर्जनामा भिन्नभिन्न विधाको उपस्थिति हुन्छ भन्ने विषयमा केन्द्रित सिद्धान्त हो (बाउली, सन् २०१३, पृ. ४२) । यो पूर्णतः साहित्यिक विधाकेन्द्रका आधारमा स्वतन्त्र र स्वायत्त हुन्छन भन्ने परम्परागत मान्यताको विपर्ययमा स्थापित सैद्धान्तिक अवधारणा हो ।

विधाप्रत्ययनले सिर्जनात्मक कृति मौलिक, स्वतन्त्र आफ्नै स्थापत्य कलामूल्यका साथ विशिष्ट सौन्दर्यको अभिव्यञ्जना गरिने विधासिद्धान्तलाई ध्वंश गरी ती कृतिगत विशेषताका आधारमा अनेक विधाको उपस्थितिलाई स्वतन्त्र पठन, बोध र विश्लेषण गर्नुपर्ने सैद्धान्तिक अवधारणा हो । यसले सिर्जनात्मक मूल्य भएका विधाकेन्द्रका अतिरिक्त समानान्तर सृजनाको अभ्यास मानिने समालोचनासमेतलाई कृतिका रूपमा लिइनुपर्ने अवधारणा राख्दछ । कुनै पनि साहित्यिक सिर्जना मौलिक नहुने र विधागत बहसलताको मिश्रणबाट तिनले संरचनात्मक स्वरूप प्राप्त गर्ने डेरिडा (सन् १९८१) का अनुसार पाठ निर्माणको कारक, सौन्दर्यमूल्य तथा स्वायत्त विधाको केन्द्रीकृत अवधारणा नभई यो विभिन्न विधाका स्वरूप र सौन्दर्यको संयोजनबाट संरचनात्मक स्वरूप प्राप्त गर्ने हुने भएकाले वास्तविकतामा सबै बृतिको रचना बहुल विधाको विधाप्रत्ययनबाट सृजित हुने दृष्टिकोण प्रस्तुत गरेका छन् (पृ. ३५३) । बहुविधात्मक सहकार्यलाई अङ्गीकार गरी रचना गरिएका कृतिमा स्वतः विधाकेन्द्रको केन्द्रगामी अस्तित्व नै नरहने डेरिडाको तर्क रहेको छ। साहित्यिक विधाहरू एकअर्कामा विधाप्रत्ययन भई संरचित हुन्छन् भने यसरी रचना भएका कृतिको सौन्दर्य दुवै विधाका अभिलक्षणयुक्त हुने भएकाले यी विधा नभई सङ्करित पाठ बन्दछन् (सुतिन, सन् २०१३, पृ. २२) । साहित्यिक सृजनामा विधाप्रत्ययन गरी संरचित कृतिमा सबै विधाका कृतिगत विशेषताको उपस्थिति रहन्छ भने यस्ता रचनाको संरचना र अर्थसँग सम्बँधित मान्यता समाप्त भई ती विधायित पागमा रूपान्तरित भएका हुन्छन् ।

विधाप्रत्ययन गरिएका पाठको संरचना कवितात्मक रहे पनि तिनको आर्थीसौन्दर्यको अभिव्यञ्जनामा इतरविधाका अभिलक्षण अन्तर्घुलन भई उपस्थिति भएका हुन्छन् । कविता रचनाका क्रममा नाटक, आख्यान वा निबन्धमा विधाप्रत्ययन रचनामा यो विषय प्रत्यक्ष नभई अप्रत्यक्ष रूपमा अन्तर्घुलन गई प्रस्तुत गरिएका हुन्छन् भने यसप्रकारको अभिलक्षण पाठकले पठनबाट बोध गर्दछ (अलि, सन् २०१३, पृ. ३२) । कविताको कविताइतरका विधामा विधाप्रत्ययन गरिएका रचनामा नाटकीयता, आख्यानात्मकता र निबन्धात्मक विशेषताको उपस्थिति सघन रहन्छ भने यसप्रकारको विशेषताका कारण ती काव्यिक सौन्दर्यभिन्न अभिलक्षण भएका पाठका रूपमा विश्लेषणीय हुन्छन् । कविताको इतरविधामा गरिएको विधाप्रत्ययनले काव्यिक निर्मितिलाई भिन्न सौन्दर्य भएका रचनामा परिणत गर्ने भए पनि यसमा काव्यिक अवशेष भने विद्यमान नै रहने डेरिडाको तर्क रहेको छ । उनका अनुसार कविताको अन्य विधामा विधाप्रत्ययन गरिएका पाठमा तत्तत् विधाको विधासौन्दर्यका साथै काव्यिक सौन्दर्यको उपस्थिति पनि समान रूपमा स्थापित र गतिशील रहन्छ (डेरिडा, सन् १९८१, पृ. ३४९) । कविताको इतरविधामा विधाप्रत्ययन गरिएका रचनाको विधागत सौन्दर्य बहुलतामा आधारित हुन्छ । कृतिमा प्रस्तुत गरिने बहुलताको अभिव्यक्तिलाई एउटा विधाकेन्द्रमा निहित सौन्दर्यसत्तासँग जोडेर पठन, बोध र विश्लेषण गर्ननसकिने डेरिडाको तर्क नै विधाप्रत्ययनका माध्यमबाट साहित्यिक विधाको विधाभञ्जन हुने एउटा आधार बनेको हो ।

विधाप्रत्ययनले कृति रचनाका क्रममा उपस्थिति भएका सबै विधाका सौन्दर्यमूलयका आधारमा तिनको समानान्तर महत्त्व दिई पाठको अध्ययन गर्नुपर्ने अवधारणा प्रस्तुत गर्दछ । विधाप्रत्ययन पाठभित्र रहेका परस्परमा भिन्न तत्त्वको पहिचान गरी तिनले पाठको संरचना र अर्थको केन्द्रगामी स्वतन्त्रतामा अनिश्चितता, असङ्गतता र अनिर्धार्यताका आधारमा संरचनाको स्थापित मानक भङ्ग गरी नवकेन्द्रको स्थापनासँगै साहित्यलाई पाठमा रूपान्तर गर्ने विषय हो (अब्राम्स, सन् १९९९, पृ.५५) । विधाप्रत्ययन गरी संरचित कवितामा यसका विधागत सौन्दर्यमूल्यका अतिरिक्त इतर विधाका अभिलक्षण पनि उपस्थितिका साथै साहित्यिक सौन्दर्य र कलाको सम्यक मूल्यका आधारमा पठन गरिनुपर्ने मान्यता रहेकाले यसमा कृतिमा इतरविधाको उपस्थिति कसरी भएको छ भन्ने पक्षलाई हेरिन्छ। यस सैद्धान्तिक अवधारणाका आधारमा लेखनाथ पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गरिएको विषय अध्ययनीय छ । यस सैद्धान्तिक आधार र अवधारणाका आधारमा पौड्यालका 'श्रीकृष्ण-लीलाको सानू किरण', 'शिक्षक र भिक्षुक', र 'नारद र विज्ञान' कविताको विश्लेषण तलका उपशीर्षकमा गरिएको छ ।

**नतिजा र विश्लेषण**

कविताका माध्यमबाट नेपाली नेपाली कवितालाई आधुनिकता दिने पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गरिएको छ। कृतिलेखनगत प्रवृत्ति, योगदान, युगीन परिवेश र कवितामा प्रयुक्त जीवनदृष्टिका आधारमा लेखनाथ पौड्याललाई आधुनिक कवि नमान्ने मत रहे पनि उनी एकाङ्गी भाव र अन्तर्वस्तुबाट नेपाली कवितालाई पृथक् तुल्याई विषयगत संज्ञानतर्फ प्रवृत्त गराउने युगदर्शक स्रष्टा हुन् । यसका अतिरिक्त सिर्जनामा भाषिक अस्तव्यस्ताको अन्त्य गरी मानक र व्याकरणसम्मत भाषामा काव्यलेखनतर्फ अभिमुख भएका स्रष्टा भएकै कारण उनी आधुनिककालीन नेपाली कविताका प्रणयनकर्ता हुन् । पौड्यालबाट आरम्भ भएको नेपाली काव्यपरम्पराको आधुनिकताको आरम्भसँगै कविता रचनामा विधाप्रत्ययनको प्रक्रिया अवलम्बन भई विधाभञ्जन गरिएका कृतिको लेखन आरम्भ भएको हो । संरचनात्मक दृष्टिले सबै आयामका कृति रचना गर्ने पौड्यालका मुक्तकाकार (एकश्लोकी र दुईश्लोकी) कविताको रचना विधान नै नाटकीय स्वरूपमा संरचित छन् । कविताको नाटकमा विधाप्रत्ययन गरी संरचित पौड्यालका कविताको पाठलाई अलग्गै उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

**विश्लेषणका लागि चयन गरिएका पाठ**

कविताको नाटकमा विधाप्रत्ययन गरी संरचित पौड्यालका कविता निम्नलिखितअनुसार रहेका छन् :

**कविता १ – श्रीकृष्ण–लीलाको सानू किरण**

(सुदामालाई अङ्कमाल गरी कनिकाको पोको पक्रेर
प्रेमरसमा डुबेका श्रीकृष्णतर्फ हेरी )
रुक्मिणी- (आश्चर्यचकित भावले) उहाँ को ?
श्रीकृष्ण- (प्रेमविह्वल भएर) प्रेमी
रुक्मिणी– (पोको देखाएर) त्यो कुन गठरि ?
श्रीकृष्ण- ( सत्यभावले) सौगात गहुँका
रुक्मिणी- (चाख मानेर) म हेरूँ (हात पसार्छिन्)
श्रीकृष्ण- (नाक खुंच्याई) के चिन्छ्यौ ?
रुक्मिणी- (क्यै खायसी भावले) तदपि
श्रीकृष्ण- (जबर्जस्ती कनिका झिकी देखाएर)-
तिमि खान्छ्यौ र कनिका ?
रुक्मिणी- (मुख हेरेर ) छि है, त्यस्तो खाने कसरि ?
श्रीकृष्ण- (फाँको हाली चपाउँदै ) यसरी गद्‌गद बनी
रुक्मिणी- (घृणाको भावले) मयाँ लाग्ला
श्रीकृष्ण- (प्रेमसित अर्को फाँको हालेर) लागोस्
रुक्मिणी- (कौतुक भावले) म पनि (हात पसार्छिन्)
श्रीकृष्ण- (शिर हल्लाएर) नदिने
रुक्मिणी- (जबर्जस्तीसित) दिन्नँ म पनि (हात समात्छिन्) ॥१॥
(पौड्याल, २०७६, क, पृ. ३६-३७) ।

**कविता २ – शिक्षक र भिक्षुक**

शिक्षक-(ढोकामा उभिएको भिक्षुतिर हेरी) त्यो को ?
भिक्षुक-(नम्रतासित) भिक्षुक हूँ
शिक्षक-(रूखो स्वरले ) यहाँ किन पसिस् ?
भिक्षुक- (आश्चर्यसित) भिक्षा कहाँ गै गरूँ ?
शिक्षक-(मुख फेरी) त्यो मिल्दैन मबाट

भिक्षुक - (वक्र उक्तिले) मिल्छ अरु के ?
शिक्षक- (रहमीसित) शिक्षा लिई जा बरु
भिक्षुक-(ठाडो स्वरले) त्यो आफै लिनुहोस् मबाट
शिक्षक- (तिरस्कार भावले) तँ पनी शिक्षा मलाई दिने ?
भिक्षुक-(निर्धक्कसँग) यस्तै गर्व थियो र पूर्वजुनिमा ऐले भिखारी बनें ॥१॥
शिक्षक - (अनपत्यारी सित) त्यो फोम्रो गफ हो
भिक्षुक-(भावगर्वित उक्तिले) कठै !! हजुरको चश्मा धमिलो किन ?
शिक्षक-(चस्मा पुछ्दै) यो चस्मा बहुतै सफा छ
भिक्षुक - (आश्चर्यसित) कसरी आयो न अन्धोपन ?
शिक्षक - (कड्केर ) अन्धो छू म कहाँ ?
भिक्षुक - (दृढतासित) यहीं
शिक्षक - (परपर हेर्दै) नजरले छर्लङ्ग देख्छू सब
भिक्षुक - (हँस्सीसित) तेम्रो नेत्र उसो भए त शिवको चाहिन्न
पक्का अब ॥२॥

**कविता ३ – नारद र विज्ञान**

नारद - यस्तो नील अनन्त शून्य पथमा यो लंकने कौन हो ?
विज्ञान - मेरो नाम मुनीन्द्र ! विश्वभरमा विख्यात विज्ञान हो
नारद - लंकन्छौ किन दूर-दूर नभमा ?
विज्ञान - बस्ती नयाँ खोजन
नारद - आँट्यौ के ग्रह-गोलमा पनि कुनै उत्पात मच्चाउन ? ॥१॥
विज्ञान - चाँडै पुग्न सके अहा !! ग्रह सबै खाने थिए ठक्कर
नारद - ज्योतिश्चक्र पनी मनुष्य पशु भैं स्वार्थी र अन्धो छ र ?
विज्ञान - बन्छन् अन्ध सबै पयो यदि भने मेरो प्रभा भासुर
नारद - यस्मा के छ सबूत ?
विज्ञान - के भुलनुभो, सङ्ग्राम देवाऽसुर ? ॥२॥

कवि पौड्यालको उपर्युक्त कविता सम्पूर्णतः नाटकीय संरचना र शिल्पमा संरचित छन् । संस्कृत काव्यचिन्तनमा यी कविताको संरचनालाई मुक्तक र सन्दानितक स्वरूप भएका प्रगीतात्मक रचनाका रूपमा परिचयन गरिएको छ । काव्यिक निर्मितिमा एकश्लोकी रचनाविधान भएका कृति मुक्तक र दुई श्लोकी संरचना भएका कविता सन्दानितक मानिन्छन् (पराजुली, २०७९, पृ. ७०४) । पौड्यालका यी कविताहरूमा 'श्रीकृष्ण-लीलाको सानू किरण' कविता मुक्तकाकार रचनाविधानमै नाट्यायन गरिएको रचना हो । यसलाई संरचनागत र रूपाकृतिगत अभिलक्षणका आधारमा मुक्तक नै रहेको ठहर गर्नसकिन्छ । पूर्वापर प्रसङ्गयुक्त हुनुका साथै आफैंमा पूर्ण, लघुआयामिक र एकश्लोक वा चार पङ्क्तिमा अभिव्यक्त गरिने काव्यिक निर्मिति मुक्तक हो (पराजुली, २०७९, पृ. ७०४) । मुक्तकको आयाममा संरचित यस कवितालाई नाटकीय दृश्य, संवाद, द्वन्द्व र अभिनेयात्मकतासहित प्रस्तुत गरिएको यो कृति काव्यिक आवरणमा प्रस्तुत गरिएको नाटकीय कथन नै हो ।

पौड्यालका 'शिक्षक र भिक्षुक', र 'नारद र विज्ञान' कविता दुईश्लोकी रचनाविधानयुक्त सन्दानितक भेद भएका रचना हुन् । संरचनात्मक दृष्टिले दुईश्लोकमा काव्यिक विषय र भावभूल्कोलाई संयोजन गरी रचना गरिएका कृति सन्दानितक हो भने यसलाई युग्मकका रूपमा पनि परिचयन गरिएको छ (पराजुली, २०७९, पृ. ७०४) । यस अभिलक्षणका आधारमा पौड्यालका उपर्युक्त कृतिद्वय सन्दानितक वा युग्मक हुन् । यी कविताको रचना दुई पूर्णश्लोकमा गरिए पनि यिनलाई दृश्य, संवाद, द्वन्द्व र अभिनेयात्मकताका माध्यमबाट प्रस्तुत गरिएको छ । संरचनात्मक रूपमा कविता भनिएको तर काव्यिक अन्तर्वस्तुको निर्मितिका लागि नाटकीय दृश्य, संरचना निर्मितिका लागि संवाद र नाटकीय शिल्प सृजना गर्नका लागि द्वन्द्व र अभिनेयात्मकताको अन्तर्मिश्रण गरिएका यी कृति कविताको नाटकमा विधाप्रत्ययन गरी तयार गरिएका रचना हुन् । यी कविताको नाट्य स्वरूपका अतिरिक्त तिनको काव्यिक स्वरूप कस्तो हुन्छ

भन्ने विषयलाई श्लोकमा समेत अभिव्यक्त गरिएको तथापि तिनको वस्तुसौन्दर्य नाटकीय नभई भावनिर्मितिको बोध हुननसक्ने भएकाले यिनको नाटकीय र काव्यिक दुवै स्वरूपलाई पाठका रूपमा सँगै राखिएको छ । पौड्यालका 'श्रीकृष्ण-लीलाको सानू किरण', 'शिक्षक र भिक्षुक', र 'नारद र विज्ञान' कविता संरचनात्मक दृष्टिले कविताको लघु र प्रगीतात्मक रहेको यस विमर्शपछि यिनको नाटकमा विधाप्रत्ययन भएको विषयलाई नाट्यविधाको विभेदक अभिलक्षण मानिने दृश्यविधान, संवादयोजना र अभिनेयात्मक शिल्पको विश्लेषण तलका उपशीर्षकमा गरिएको छ ।

**लेखनाथ पौड्यालका कवितामा दृश्यविधान**

कवि पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गर्ने पहिलो आधार यिनको अन्तर्वस्तु निर्मितिका लागि अवलम्बन गरिएको दृश्यविधान हो । कविता कथ्यविषयलाई मुक्त गायनका माध्यमबाट पाठकसमक्ष कथ्यसन्देश अभिव्यक्त गर्ने गेय विधा हो भने नाटकमा सोही प्रक्रियालाई दृश्यका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ । दृश्यले नाटकको अन्तर्वस्तु सिर्जना गर्ने भएकाले यो  अन्य साहित्यिक विधाबाट भिन्न तुल्याउने विभेदक अभिलक्षण पनि हो ।  नाटकमा कसले कोसँग, किन, कहाँ, कहिले, कसरी र के कुरा गरेको छ भन्ने विषयलाई उपयोगी, स्वाभाविक, अनुकूल र प्रभावकारी ढङ्गमा प्रस्तुत गर्ने अभिनेयात्मक कलाको अभिव्यञ्जना दृश्य हो (शर्मा, २०५५, पृ. ४५९) । दृश्यले अभिनेयात्मकता सिर्जना गरी पाठक समक्ष कथ्यसन्देश सम्प्रेषण गर्ने भएकाले यो नाटकको अन्तर्वस्तु सृजना गर्ने आधार पनि हो । दृश्य सूक्ष्म नाटकीय एकाइ हो जसका माध्यमबाट स्थूल नाटकीय विषयको प्रस्तुतीकरणका लागि ठोस आधार प्राप्त हुन्छ (सेन्डिङ, सन् २००२, पृ. १८७) । दृश्य नाटकका लागि चयन गरिएको विषय, पात्र र परिवेशलाई परस्परमा संयोजन गर्ने तत्त्व भएकाले यो नाट्ययनिर्मितिका सन्दर्भमा अन्तर्वस्तु सृजना गर्ने आधार पनि हो । पौड्यालका कवितामा दृश्यात्मकताको सघन प्रस्तुतिका कारण नाटकीय रचनामा रूपान्तर भएका छन् ।

पौड्यालको मुक्तकाकार प्रगीतात्मक संचनाविधान भएको माथि उल्लेख गरिएको 'श्रीकृष्ण-लीलाको सानू किरण' कविताको नाटकमा विधाप्रत्ययन भएको छ । प्रस्तुत कविता दृश्यप्रधान अभिव्यक्तिका कारण कविताको नाटकमा विधाप्रत्ययन गरिएको रचना हो । यस कवितालाई नाटकीय अभिव्यक्तिमा रूपान्तर गर्ने पहिलो आधार नै नाटकीय दृश्यको सफल आयोजन तथा आमन्त्रण हो । यस कविताको आरम्भमा नै दृश्यात्मकताका माध्यमबाट अभिनेयात्मक पक्षलाई निर्देशित गरिएको छ । कृष्णरुक्मिणी सम्मिलित कृष्णसभामा सुदामाबाट प्राप्त उपहार कनिकाको पोको र त्यसको महत्त्वका सम्बन्धमा कृष्ण र रुक्मिणीका बीचमा भएको संवादसहितको नाट्यायन गरिएको यस कवितामा एक दृश्यमा काव्यिक कथ्यलाई अभिव्यक्त गरिएको छ । यसमा कृष्णको वैभवशाली जीवनमा अनायास सुदामाको प्रवेश र कनिकाको पोको उपहार प्राप्त भएको आकस्मिकताबाट रुक्मिणीमा देखिएको आश्चर्य, कृष्णद्वारा प्रेमपूर्वका खोलिएको कोसेलीको पोको, सद्भावपूर्वका त्यसको ग्रहण, रुक्मिणीद्वारा आफ्नो भक्तद्वारा अर्पण गरिएको अन्नबाट तृप्त भएको उद्घोष, तिमी खान्छ्यौ भन्ने कृष्णको कुटिलतापूर्ण कथन, नायक-नायिकाद्वयमा खोसाखोस, तिनमा प्रेम र घृणाबीचको अन्तर्द्वन्द्वजस्ता विषयलाई दृश्यका माध्यमबाट प्रस्तुत गरिएको छ । यस कवितामा प्रयोग गरिएको दृश्यकै कारण यो नाटकमा विधाप्रत्ययन भएको रचना बनेको छ । पौड्यालले यही कवितालाई एकश्लोकी पद्यमा प्रस्तुत गर पनि त्यसका तुलनामा नाटकीयता नै शक्तिशाली रहेको छ । यस कविताले एकश्लोकी पद्यमा पनि नाटकीयता सिर्जना गर्नसकिने तथा नाट्यायनका माध्यमबाट काव्यिक अन्तर्वस्तुको सिर्जना हुने बहुविधात्मक सौन्दर्यको पुष्टि गर्दछ । दृश्यका माध्यमबाट काव्यिक विषय र भावलाई प्रस्तुत गरिएको यो कृति विधागत सौन्दर्यका आधारमा कविताको सौन्दर्य अवशेषका रूपमा रहेको तर नाटकीय विशेषता भएको रचना हो । कविता र नाटक दुवै विधाका अभिलक्षणका आधारमा अध्ययन गर्नसकिने विवृत पाठ हो ।

कवि पौड्यालको पूर्ववत् कविताकै तुलनीय कविता २ 'शिक्षक र भिक्षुक' पनि कविताको नाटकमा विधाप्रत्ययन भई संरचित कविता हो । यस कविताको रचनाविधान प्रगीतात्मक कविताको सन्दानितक वा युग्मक भेदमा गरिएको छ । दुईश्लोकी यस कवितालाई नाटकीय र काव्यिक दुवै स्वरूपमा लेखन गरिएको छ । यसमा शिक्षकको घरका सामु भिक्षा माग्न आएको भिक्षुकबीचको संवादलाई दृश्यका माध्यमबाट प्रस्तुत गरिएको छ । यस कवितामा दुईवटा दृश्यमा कथ्यविषयलाई प्रस्तुत गरिएको छ । जसअन्तर्गत पहिलो दृश्यमा शिक्षकको घरमा भिक्षुका भिक्षाटनका लागि उपस्थित भएको, शिक्षकले भिक्षुकलाई याँ किन आएको भनेर प्रश्न गरेको, उनीहरूका बीचमा शिक्षकले आफू कहाँ भिक्षाको नभई शिक्षाके दिने प्रचलन रहेको, भिक्षुकले नै शिक्षा आफूलाई नभई शिक्षकलाई आवश्यक रहेको बोध गराएको र आफू माग्ने हुनुको कारण पूर्वजन्ममा आफूले गरेको अभिमानकै कारण वर्तमानमा यो अवस्थामा जन्म लिन पुगेको कथ्यविषयलाई प्रस्तुत गरिएको छ । यस कविताको दोस्रो दृश्यमा शिक्षकले आफ्नो अभिमानलाई दुरुस्त राखी भिक्षुकका तर्कमा

रहेको सत्यलाई अस्वीकार गर्न अभिनय गरेको चश्मा लगाएर पनि आँखाको अन्धोपन जीवनका लागि अन्तिम सत्य के हो भन्ने विषयबोध हुँदाहुँदै पनि अहङ्कारबाट मुक्त हुननसकेको दृश्यलाई प्रस्तुत गरिएको छ। यस कवितामा प्रयोग गरिएको दृश्यले काव्यिक अन्तर्वस्तु निर्मितिमा प्रमुख भूमिका खेलेको छ। कविताको आवरणमा दृश्यका माध्यमबाट कथ्यविषयलाई प्रस्तुत गरिएको यस कृतिमा यही विषयले नाटकमा परिणत भएको छ। दृश्यलाई काव्यिक अन्तर्वस्तु सृजना गर्ने आधार बनाइएको प्रस्तुत कविताको नाटकमा विधाप्रत्ययन गरिएको छ। यो विधागत सौन्दर्यका दृष्टिले बहुविधात्मकताको अभिव्यञ्जना भएको खुला पाठ हो। यसको रचनाका लागि चयन गरिएको दृश्यविधानका कारण नाटकीय बनेको प्रस्तुत कविता एकोन्मुखताको अन्त्य भई विषयोन्मुख बनेको छ भने यो दुवै विधाका अभिलक्षणका आधारमा अध्ययन गनैसकिने खुला पाठ हो।

कवि पौड्यालको 'नारद र विज्ञान' पनि कविताको नाटकमा विधाप्रत्ययन गरिएको रचना हो। यस कविताको नाट्यायनका लागि पूर्ववत् कविताकै तुलनीय दृश्यविधानको प्रमुख भूमिका छ। यस कविताको संरचना दुई पङ्क्तिगुच्छमा विभाजिन युग्मक भेद हो भने तिनै दुई श्लोकलाई दुई भिन्न दृश्यमा अभिव्यक्त गरिएको छ। काव्यिक अन्तर्वस्तुको निर्मितिका लागि दृश्यविधानलाई प्रयोग गरिएको यस कविताको पहिलो दृश्यमा नारदबाट संवादको आरम्भ गरिएको छ। यसको मुख्य अन्तर्वस्तु शून्यमा हिँडिरहेको विज्ञानलाई नारदको प्रश्न, विज्ञानद्वारा आफ्नो परिचय प्रस्तुत, अन्तरिक्षको शून्यतामा घुम्नुको प्रयोजनसम्बन्धी प्रश्नोत्तर र आविष्कारका माध्यमबाट संसारको संरचनामा अस्थिरता सिर्जना गर्न किन लागेका छौ भन्ने नारदको जिज्ञासालाई चित्रण गरिएको छ। यसको दोस्रो दृश्यमा विज्ञानबाट संवादको आरम्भ गरिएको छ। यसमा विज्ञानले नै ग्रहसम्बन्धी नवीन खोज रहेको र ग्रहचक्रका विषयमा थप नयाँ विषय खोज्न आतुर रहेको घोषणा गरेपछि विज्ञानभन्दा शक्तिशाली शास्त्र रहेको तथा ज्योतिषका रूपमा त्यसको प्रचलन सदियौं पहिलेदेखि नै प्रचलनमा रहेको वस्तुतालाई अङ्गीकार गर्न नारदको आग्रहलाई अस्वीकार गरी देवासुर सङ्ग्राम अन्तरिक्षमा हुन सम्भव विज्ञानकै कारण भएको तथ्यलाई चित्रण गरिएको छ। दुई भिन्न दृश्यमा अध्यात्म र भौतिकवादी दृष्टिकोणलाई चित्रण गरिएको यस कवितामा पात्रबीच प्रयोग गरिएको वार्तालापीय संवाद, भिन्न विषयबीचको द्वन्द्व र मञ्चनीयताको सघन प्रयोग गरिएको छ। विषयोन्मुख भावसौन्दर्य प्रस्तुत गरिएको यो कविता नाट्यायनका माध्यमबाट कथ्यविषय र सन्देश प्रस्तुत गरिएको रचना हो। कविता र नाटक दुवै विधाका अभिलक्षणका आधारमा पठनीय प्रस्तुत कृति नाटकमा विधाप्रत्ययन गरिएको रचना हो। सम्पूर्ण रूपमा नाटकीयता प्राप्त हुने यस कृतिमा लयात्मकता, आन्तरिक सङ्गीत र अनुप्रीयताको उचित संयोजनका आधारमा कविताको अवशेष रहे पनि यी विशेषताका अतिरिक्त यो नाट्य कथन नै हो। यही विशेषताका कारण प्रस्तुत कृति बहुविधात्मक अभिलक्षण भएको खुला पाठ बनेको छ। काव्यिक निर्मितिका लागि दृश्ययोजना अवलम्बन गरिएका पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गर्नका लागि संवादयोजनाको भूमिका पनि सशक्त छ।

**कवितामा संवादयोजना**

कवि पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गर्नका लागि संवादयोजनाको भूमिका सशक्त छ। संवाद नाटकको अनिवार्य तत्त्व हो भने पत्रपात्रबीचमा हुने कुराकानी, मौनता, अन्तराल तथा सङ्केतका माध्यमबाट पाठक/दर्शकले नाटकीय कार्यव्यापारको बोध गर्दछन्। बिना संवाद नाटकीय रचना असम्भव रहने भएकाले यो साहित्यका अन्य विधाबाट नाटकलाई भिन्न तुल्याउने विभेदक अभिलक्षण पनि हो। साहित्यका अन्य विधाबाट अलग तुल्याउने विभेदक अभिलक्षणका रूपमा कथ्यविषयको नाटकीकरणका लागि संवादको अपरिहार्यता रहन्छ (त्रिपाठी, २०६४, पृ. १७२)। नाटक अनुकरणात्मक कार्यव्यापारमा आधारित साहित्यिक विधा रहेकाले पनि यसमा संवादको अपरिहार्यता रहन्छ। नाटकमा चरित्रका माध्यमबाट सन्देश प्रवाह गर्नका लागि संवाद अपरिहार्य तत्त्व हो भने यसले दृश्यसँगको अन्वयबाट अभिनेयात्मकताको सिर्जना गर्दछ (वेलेक र वारेन, सन् १९४९, पृ. २३१)। जीवनजगत्सँग सम्बन्धित विषयलाई पात्रका क्रियाकलापका माध्यमबाट प्रस्तुत गरिने तथा त्यही अनुकरणका माध्यमबाट भावबोध गरिने भएकाले बिना संवाद नाटक रचना असम्भव मानिन्छ। संवादको यही विशेषता नाटकका लागि अनिवार्य र अन्य विधाबाट नाटकलाई भिन्न तुल्याउने आधार हो। संवादका माध्यमबाट कथ्यविषयलाई संरचनात्मक आवरण दिइएका कविताको नाटकमा विधाप्रत्ययन गरिएको हुन्छ। कवि पौड्यालका कविता संवादको प्रयोग गरी संरचित छन् भने यसले काव्यिक रचनालाई नाटकमा विधाप्रत्ययन गरेको छ।

पौड्यालको 'श्रीकृष्ण लीलाको सानू किरण' कविताको संरचना निर्मितिका लागि संवादको प्रयोग गरिएको छ। कविता रचनाका क्रममा दृश्यको उचित संयोजन रहेको यस कृतिमा संवादको वार्तालापीय भेद प्रतिपाद्य छ। यसमा कविताको पहिलो पङ्क्तिमा नाटकीय दृश्यको निर्देशपछि दोस्रोदेखि अन्तिम पङ्क्तिको संरचना संवादका माध्यमबाट भएको छ। यस कवितामा संवाद प्रयोगको पद्धति आलोपालो अन्तरालमा आधारित छ। जसमा नाटककी नायिकाको भूमिकामा प्रस्तुत गरिएकी रुक्मिणीले संवादको आरम्भ

प्रश्नात्मक रूपमा गर्ने र श्रीकृष्णले त्यसको उत्तर दिँदै जाने क्रममा यसको संरचना तयार भएको छ । यस कविताको संरचना एक दृश्य र दुई पात्रबीचको संवादात्मक अभिव्यक्तिबाट तयार भएको छ । यसमा चित्रण गरिएका पात्रले संवाद प्रस्तुत गर्न अघि तिनको आङ्गिक र वाचिक धर्मको समेत उचित निर्देशन गरिएका छ भने यसले यो रचना काव्यिक संरचनामा रचित नाटकीय अभिव्यक्ति नै हो । नाटकमा विधाप्रत्ययन गरिएको यस कवितामा संवादको प्रयोगका कारण विधायित बनेको छ भने यसमा प्राप्त हुने लय, साङ्गीतिकता, रूपाकृतिगत आयाम र अनुप्रासीयताका कारण काव्यिक अवशेष पनि सघन रहेको छ । काव्यिक संरचना निर्मितिका लागि संवादको प्रयोग गरिएको यो कविता दुवै विधाका अभिलक्षणका आधारमा अध्ययन गर्न सकिने विवृत पाठ हो ।

पौड्यालको 'शिक्षक र भिक्षुक' दुईश्लोकी संरचना भएको कविता हो भने यसमा पनि संवादको प्रयोगबाट काव्यिक निर्मितिलाई समूर्तन तुल्याइएको छ । दुई दृश्यमा वर्गीकृत विषयलाई प्रस्तुत गरिएको यस कविताको दुवै दृश्यमा शिक्षक र भिक्षुकका बीचमा वार्तालापीय संवाद प्रस्तुत भएको छ । कृतिको संरचना निर्मितिका लागि मुख्य भूमिका नै संवादको रहेको यस कवितामा दुई पात्रबीच प्रश्नोत्तरको ढाँचामा कथ्यविषयलाई प्रस्तुत गरिएको छ । शिक्षक हुँ भन्ने अभिमानबोध लिइर आफूलाई प्रस्तुत गर्ने व्यक्ति र समूहलाई यिनीहरूभन्दा कैयौं गुणा बढी ज्ञान भएर पनि भिक्षुकहरू आफूलाई शान्त तुल्याउन समर्थ्य छन् भन्ने विषयको प्रस्तुतिका लागि अन्तर्क्रियात्मक र आलोपालो अन्तरालमा अभिव्यक्त गरिएको यस कवितामा ज्ञानको सम्पूर्णता आफैंमा मात्र निहित छ भन्ने जडचेतन भएका व्यक्तिलाई भिक्षाटन गरी सामान्य जीवनयापन गर्ने भिक्षुकबाट दीक्षित हुनुपर्ने तथा अहम्को अन्धकारमा मधान्ध व्यक्तिलाई दीक्षा दिनका लागि काव्यिक शिल्पका तुलनामा नाटकीयतालाई चयन गरिएको छ । संवादका माध्यमबाट काव्यिक संरचना निर्माण भएको यस कविताको अध्ययन विधासौन्दर्यका दृष्टिले काव्यिक अवशेष रहेको बहुविधात्मक प्राप्ति हो । प्रस्तुत कृति कविता र नाटक दुवै विधाका आधारमा अध्ययन गर्नसकिने खुला पाठ हो ।

पौड्यालको 'नारद र विज्ञान' कविताको नाटकमा विधाप्रत्ययन गरिएको रचना हो यस कविताको संरचना दुई दृश्यमा गरिएको छ भने पूववर्ती कविताका तुलनामा यसको संवाद भिन्न विशेषतायुक्त छ । नारद र विज्ञानलाई पात्रका रूपमा चयन गरिएको यस कविताको पहिलो दृश्यको पहिलो वक्ता नारद र दोस्रो विज्ञान हो भने दोस्रो दृश्यमा यसलाई उल्टाई काव्यिक संरचनाको सिर्जना भएको छ । यस कवितामा चित्रण गरिएका पात्रबीचको संवाद आलोपालो पद्धतिमा आधारित छ भने यिनका तर्कमा भएको द्वन्द्वात्मकताले कृतिको अन्तर्वस्तु गहन तुल्याउनुका साथै नाटकीय शिल्पलाई आकर्षक तुल्याउनका लागि पनि सघन भूमिका खेलेको छ । यसको अन्तर्वस्तु ज्ञान र विज्ञानको द्वन्द्वमा आधारित छ भने ज्ञानबाट नै ब्रह्माण्डीय संरचनाका विषयमा बोध गर्नसकिने तर्कलाई संवादका माध्यमबाट प्रस्तुत गरिएको छ । यसमा नाटकीयतालाई उत्कर्ष प्रदान गरी काव्यिक संरचना निर्मितिको आधार नै संवाद बनेको छ भने यही विशेषताले यस कृतिलाई काव्यिक सौन्दर्यका तुलनामा नाटकीय अभिव्यक्तिलाई शक्तिशाली तुल्याएको छ । कविताको नाटकमा विधाप्रत्ययन गर्नका लागि संवाद नै सशक्त माध्यम बनेको यो कृतिमा अवशेषका रूपमा काव्यिक लय, साङ्गीतिकता र अनुप्रासीयता भूमिका अवशिष्ट छ । कविताको आवरणमा नाटकीय सौन्दर्यको सघन उपस्थिति रहेको यो कृतिमा प्रयोग गरिएको संवादले दुवै विधाका अभिलक्षणका आधारमा अध्ययन गर्नसकिने खुला पाठ तुल्याएको छ । कविता संरचनाका लागि वार्तालापीय संवादको प्रयोग गरिएका पौड्यालका कवितामा द्वन्द्वको भूमिका पनि सशक्त छ ।

**कवितामा द्वन्द्वविधान**

कवि पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गरिएको छ भने यी कृतिलाई नाटकीय तुल्याउनका लागि द्वन्द्वको भूमिका पनि दृश्य र संवादकै तुलनीय प्रमुख भूमिका छ । द्वन्द्व साहित्यिक कृतिको भावसौन्दर्य सिर्जना गर्नका लागि प्रयोग गरिने तत्त्व रहे पनि अन्य विधाका तुलनामा नाटक रचनाका लागि यसको भूमिका अपरिहार्य मानिन्छ । द्वन्द्वले कथ्यविषयलाई कार्यव्यापारतर्फ अभिमुख गर्ने भएकाले पनि नाटकको रचनाका लागि सहभागीको अनिवार्यता तथा द्वन्द्वमा सघनता सिर्जना गर्न अभिव्यक्तिमा कार्यव्यापारगत अभिलक्षण सबल हुन आवश्यक छ (गौतम, २०६९, पृ. ७३) । समाजमा विद्यमान विषयलाई तिनमा निहित द्वन्द्वात्मकताका माध्यमबाट नाटकीकरण गरिने भएकाले यो भाव र कला दुवै सौन्दर्य सिर्जना गर्ने तत्त्व हो । नाटकीय द्वन्द्व नाटकमा प्रयोग भएका पात्र, समाज, संस्कृति र यससँग सम्बन्धित विषयसँग पात्र र उसले बाँचेको परिवेशसँगको अन्तर्विरोधका रूपमा कथ्यविषयमा आउने तत्त्व हो (वेलेक र वारेन, सन् १९४९, पृ.११८) । द्वन्द्वले नै कथ्यविषयलाई सुखान्त र दुःखान्त तुल्याउने भएकाले यो भावसौन्दर्य सिर्जना गर्ने नाट्यतत्त्व हो । भिन्न व्यक्ति, विचार, संस्कृति र समाजका बीचमा अन्तर्द्वन्द्वको चित्रण गरिएका कृति नै भाव र कलासौन्दर्यका दृष्टिले उत्कृष्ट हुने भएकाले यिनमा द्वन्द्व अपेक्षित रहन्छ । कवि पौड्यालका कृतिमा प्रयोग गरिएको द्वन्द्वले कविताको नाटकमा विधाप्रत्ययन गर्न सघन भूमिका खेलेको छ ।

कवि पौड्यालको 'श्रीकृष्णलीलाको सानू किरण' कवितामा व्यक्ति-व्यक्तिबीचको द्वन्द्वका माध्यमबाट नाटकीयता सिर्जना गरिएको छ। यसमा चित्रण गरिएको द्वन्द्व कविताको नाटकमा विधाप्रत्ययन गर्ने एक माध्यम हो। यस कवितामा सम्पन्नताको प्रतिनिधित्व गर्ने रानी रुक्मिणी र कृष्णका बीचमा सुदामाले कोसेली ल्याएको कनिकाका विषयमा द्वन्द्वात्मक विषयको अभिव्यक्ति छ भने यसले पुँजीपति र सामन्त वर्गको गरीबप्रति हेर्ने दृष्टिकोणमा विद्यमान विभेद पनि द्वन्द्वका रूपमा चित्रित छ। यसका अतिरिक्त प्रेम र जीवनका सम्बन्धमा नाटकका पात्रका बीचमा रहेको भिन्न सोच पनि द्वन्द्वका रूपमा प्रस्तुत गरिएको यस कवितामा कृष्णको सुदामाप्रतिको मित्रता र प्रेमको वास्तविकता बुझ्नका लागि सम्पन्न पृष्ठभूमिमा जन्मिएका व्यक्तिले गरिबी र अभावको जीवनलाई सदैव उपेक्षित ढङ्गमै हेर्ने र तिनीहरूप्रतिको व्यवहार उत्पीडिन नै हुने कथ्यसन्देशलाई द्वन्द्वका माध्यमबाट प्रस्तुत गरिएको छ। द्वन्द्वात्मकताको सघन प्रस्तुतिका कारण भाव र कलासौन्दर्य सघन रहेको प्रस्तुत कृति साहित्यिक सौन्दर्यका दृष्टिले कविता र नाटक दुवै विधाका अभिलक्षणका आधारमा अध्ययन गर्नसकिने खुला पाठ बनेको छ। कविताको नाटकमा विधाप्रत्ययन गरिएको प्रस्तुत कविता बहुविधात्मक सौन्दर्य भएको विवृत पाठ हो।

पौड्यालको 'शिक्षक र भिक्षुक' कविताको भावसौन्दर्य सिर्जना गर्नका लागि द्वन्द्वविधानको प्रमुख भूमिका रहेको छ। यस कवितामा आडम्बर र वास्तविक ज्ञानका बीचमा द्वन्द्वात्मकता सिर्जना गरी कथ्यविषयलाई नाटकीकरण गरिएको छ। यसमा शिक्षक भएकै कारण आफू ज्ञानी र सर्वद्रष्टा रहेको अहम् पालेर बस्ने शिक्षक तथा वास्तविकतामा ज्ञानी हुनका लागि अति सामान्य जीवनयापन गर्ने भिक्षुकमा अन्तर्निहित ज्ञान नै अत्युच्च रहने विषय नै द्वन्द्वका रूपमा प्रस्तुत गरिएको छ। भिक्षा माग्ने कार्यलाई हेय ठान्ने कथित शिक्षक चरित्रका कारण नै समाजमा मानवीय मूल्य र अस्तित्व सङ्कटमा परेको तथा मानवताको स्थापनाका लागि सबैमा भाइचाराको सन्देश दिने भिक्षुकको चरित्र र सोच नै द्वन्द्वप्रधान अभिव्यक्तिका रूपमा चित्रण गरिएको यस कवितामा बाह्य जगत्लाई हेर्ने आँखाको दृष्टि र अज्ञानताको दृष्टिमा भिन्नता नरहेको भावसौन्दर्य प्रस्तुत गरिएको छ। कथ्यविषयको उन्मुक्त गायन गरिने कविता रचनाका लागि काव्यिक शिल्पका स्थानमा द्वन्द्वविधानको सफल प्रयोग गरिएको यस कवितामा अभिनेयात्मकता सिर्जना गर्नका अतिरिक्त भावसौन्दर्य निर्मितिका लागि द्वन्द्वको सघन भूमिका रहेको छ। द्वन्द्वविधानको सघनताका कारण कविताको नाठकमा विधान्तरण गरिएको यो कृति विधागत अभिलक्षणका दृष्टिले बहुलताको प्रयोग गरिएको रचना हो। यस कृतिलाई कविता र नाटक दुवै विधाका अभिलक्षणका आधारमा अध्ययन गर्नसकिन्छ भने यो बहुविधात्मक अभिलक्षणयुक्त नाटकीय सौन्दर्यमा विधाप्रत्ययन भएको खुला पाठ हो।

कवि पौड्यालको 'नारद र विज्ञान' कवितामा अध्यात्मिक र भौतिक विज्ञानसँग सम्बन्धित ज्ञानबीचको द्वन्द्वात्मकताको अन्वय भएको छ। यो कृति कविताको नाटकमा विधाप्रत्ययन गरिएको रचना बन्नका लागि यसमा प्रयुक्त द्वन्द्वात्मकताको मुख्य भूमिका छ। यसमा विज्ञानले ब्रह्माण्डका बारेमा पहिलो ज्ञान आफूलाई रहेको उद्घोष गरिरहेको तथा विज्ञानले प्राप्त गरेको यथार्थ अत्यन्त न्यून रहेको र यी विषयहरू ज्ञानलाई प्रतिबिम्बन गर्ने प्राचीन शास्त्रमा वर्णन भइसकेको तर्कका बीचको द्वन्द्वलाई प्रस्तुत गरिएको छ। अन्तरिक्षमा पनि मानव अस्तित्व खोजी रहेको विज्ञानलाई शास्त्रमा अभिव्यक्त भइसकेको विषय रहेको नारदको उत्तर, जीवका लागि सुरक्षित र सर्वोत्तम स्थान पृथ्वीलाई प्रयोगका नाममा ध्वंश गर्ने, उत्पात मच्चाउने कार्यविरुद्ध नारदको प्रतिरोध अभिव्यक्त गरिएको यस कवितामा शास्त्रले वर्णन गरेको देवासुर सङ्ग्राम अन्तरिक्षमै भएको महायुद्ध रहेको र त्यसले चाहिँ कसरी शान्ति र कल्याण स्थापित गर्‍यो भन्ने विज्ञानको प्रश्नसँगै द्वन्द्वको समापन भएको छ। शास्त्र र विज्ञान दुवै मानव कल्याणका लागि भए पनि यी दुवैको उपयोग संहारका लागि गरिएको नारदको शास्त्रीय र विज्ञानको वैज्ञानिक तर्कबीचको द्वन्द्व र वास्तविकतामा यिनको अन्तर्वस्तुमा विद्यमान भिन्नतालाई प्रस्तुत गरिएको यस कवितामा संवाद र दृश्यविधानको समेत सघन उपस्थिति रहेको छ। कविताको आवरणमा नाटकीय द्वन्द्व र शिल्प अवलम्बन गरिएको यो कविताको नाटकमा विधाप्रत्ययन गरिएको रचना हो। यसमा कविताका तुलनामा नाटकीय सौन्दर्य सघन छ भने यो कृति विधागत व्यक्तित्वका दृष्टिले काव्यिक अवशेष पनि उपस्थित रहेको खुला पाठ बनेको छ। पौड्यालका कविता प्रयुक्त दृश्य, संवाद र द्वन्द्वको सघन उपस्थितिका कारण नाटकमा विधान्तरण भएका छन् भने यी तीन नाटकीय तत्त्वको सशक्तताका कारण यी रचना अभिनयप्रधान अभिव्यक्तिमा परिणत भएका छन्।

**कवितामा अभिनेयात्मकता**

कवि पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गरिएका कृतिको शिल्पसौन्दर्य अभिनयप्रधान छन्। अभिनय साहित्यका कविता, आख्यान र निबन्ध विधाका लागि अनिवार्य नभए पनि नाटकका लागि अपरिहार्य तत्त्व हो। विभिन्न आङ्गिक चेष्टा र मुद्राका साथै उपयुक्त वेशभूषा तथा शब्दका सहयोगले गरिने भावप्रकाशन हो (उपाध्याय, २०७९, पृ. ५१)। नाटकमा अभिनेता/अभिनेत्रीको अनुकरण र शारीरिक चेष्टाका माध्यमबाट भावकले भावबोध गर्ने भएकाले यो नाटकीय कार्यव्यापार र कथ्यसन्देश प्रवाहको माध्यम नै हो। मानव मनमा विद्यमान भावलाई निश्चित चरित्रका माध्यमबाट प्रस्तुत गर्ने अभिनयले नाटकीय सन्देशलाई पाठकसमक्ष पुर्‍याउन

प्रमुख भूमिका निर्वाह गर्दछ (एटम, २०७४, पृ. ३१) । नाटक अभिनेयात्मक विधा रहेकाले अभिनेताले त्यसलाई कसरी प्रस्तुत गरिरहेको छ भन्ने पक्ष यसको मूलभूत विशेषता नै हो । अभिनय बिना नाटकको संरचना असम्भव छ किनभने यसैका माध्यमबाट कथ्यविषयलाई चरित्रले प्रस्तुत गर्ने भएकाले यसको विधिसम्मत प्रयोग बिना नाटक अपरिकल्पनीय बन्दछ (वेलेक र वारेन, सन् १९४९, पृ. २२३) । यसप्रकार कवि पौड्यालका कवितामा नाटकको अनिवार्य तत्त्वका रूपमा लिइने अभिनेयात्मकताका माध्यमबाट कथ्यविषय र सन्देशलाई प्रस्तुत गरिएको छ । कवितामा अभिनेयात्मकताको अभिव्यञ्जना हुने नाटकमा विधाप्रत्ययन हो भने यसप्रकारको विशेषता पौड्यालका कृतिमा प्राप्त गर्नसकिन्छ ।

पौड्यालका कवितालाई अभिनेयात्मक तुल्याउने शिल्प भन्नु नै तिनमा प्रस्तुत गरिएको दृश्यात्मकता र पात्रले बोल्ने संवादपूर्व दिइएको आङ्गिक र वाचिक अभिनयसम्बन्धी निर्देशन हो । 'श्रीकृष्ण-लीलाको सानू किरण कविताको आरम्भमा (सुदामालाई अङ्कमाल गरी कनिकाको पोको पक्रेर प्रेमरसमा डुबेका श्रीकृष्णतर्फ हेरी) वाक्यांशको प्रयो गरी नाटकीय कार्यव्यापारलाई निर्देशित गरिएको छ । यसका अतिरिक्त यस कविताका अन्यान्य पङ्क्तिहरूमा रुक्मिणीको आश्चर्यचकित मुद्रा, श्रीकृष्णको प्रेमाशक्तिपूर्ण भाव, उत्साह र सत्यभावको अभिव्यञ्जना सात्विक अभिनेयात्मकताका माध्यमबाट प्रस्तुत गरिएको छ । यस कवितामा आङ्गिक अभिनयका रूवमा नाक खुम्च्याइनु, खाएझैं गर्नु, मुख हेर्नु, केही चपाएझैं गर्नु तथा शिर हल्लाउनुजस्ता अभिनेयात्मक सन्दर्भको चित्रण भएको छ भने वाचिक अभिनयका रूपमा जबर्जस्ती कनिका झिक्नु, घृणाभावमा हेर्नु तथा म पनि दिन्न भन्ने विषयलाई प्रस्तुत गरिएको छ। मुक्तककाकार संरचना विधान रहे पनि नाटकीय अभिनेयात्मकताका सर्बपक्षीय विषयलाई अवलम्बन गरी तयार गरिएको यो कविता पूर्णरूपमा नाटकमा विधाप्रत्ययन गरिएको रचना हो ।

कवि पौड्यालको शिक्षक र भिक्षुक कविता पनि अभिनेयात्मकताको उचित निर्वाश र प्रयोग गरिएको रचना हो । दुई दृश्यमा विभक्त कथ्यविषयको प्रयोग गरिएको यस कविताको पहिलो दृश्यमा अभिनेयात्मकताका सूचक ढोकामा उभिएर भिक्षुकतिर हेर्नु, नम्रतासित भिक्षुक हुँ भन्नु, रुखो स्वरमा शिक्षक प्रस्तुत हुनु, भिक्षुक आश्चर्यचकित हुनु, शिक्षकले मुख फेर्नु, भिक्षुक वक्रउक्तिमा आफ्ना कथन राख्न उद्दत हुनु, शिक्षकद्वारा तिरस्कृत भावले भिक्षुकलाई उपेक्षा गर्नु, भिक्षुक आफ्ना तर्क र कार्यमा निर्धक्क हुनु आदि हुन् । दोस्रो दृश्यमा शिक्षकको भिक्षुकका तर्कप्रतिको अविश्वास, भिक्षुकको भावगर्वित उक्ति, दृढता, परपर हेर्नु र हाँस्नुजस्ता अभिनेयात्मकताका सूचकका अतिरिक्त चस्मा पुछ्नु, कड्केर बोल्नुजस्ता आङ्गिक र वाचिक अभिनेयात्मकताका सूचक प्रस्तुत गरिएको छ । पौड्यालको 'नारद र विज्ञान' कवितामा दृश्य र संवादका माध्यमबाट सिधा काव्यिक विषयलाई प्रस्तुत गरिएको छ। यसमा नाटकीय अभिनय सृजना गर्नका लागि सात्विक भावसँग सम्बन्धित विषय र ज्ञान-विज्ञान द्वन्द्वलाई प्रस्तुत गरिएको छ । पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गरिएका कवितालाई भाव र कलासौन्दर्यका दृष्टिले नाटकीय तुल्याउनका लागि अभिनेयात्मकताको सघन भूमिका रहेको छ ।

**निष्कर्ष**

कवि लेखनाथ पौड्याल आधुनिक नेपाली कविताका प्रणयनकर्ता हुन् । कविता जीवनजगत्सँग सम्बन्धित कथ्यविषयको उन्मुक्त गायन गर्ने गेय विधा हो । कवि पौड्यालका 'श्रीकृष्ण-लीलाको सानू किरण', 'शिक्षक र भिक्षुक' र 'नारद र विज्ञान' कविताको नाटकमा विधाप्रत्ययन भएको पाइन्छ । विधाप्रत्ययन साहित्यिक विधामा एकको आवरणमा इतरविधाका अभिलक्षणको उपस्थितिलाई स्वतन्त्र विधाका रूपमा अध्ययन गर्ने विधाभञ्जनको सैद्धान्तिक अवधारणा हो । यस अवधारणाका आधारमा पौड्यालका उपर्युक्त कविता काव्यिक आवरणमा नाटकीय संरचना भएका रचना हुन् । पौड्यालका कविताको नाटकमा विधाप्रत्ययनका लागि निजी नाटकीयतत्त्व दृश्य, संवाद, द्वन्द्व र अभिनेयात्मकताको सम्यक् प्रयोग भएको पाइन्छ । मुक्तकाकार रचनाविधान भएका 'श्रीकृष्ण-लीलाको सानू किरण', 'शिक्षक र भिक्षुक' र 'नारद र विज्ञान' कवितालाई नाटकमा विधाप्रत्ययन गर्नका लागि दृश्ययोजना भूमिका सशक्त देखिन्छ। यी कविताहरूमा एक र दुई दृश्यको प्रयोग गरिएको देखिन्छ । यसका साथै आलोपालो अन्तरालमा आधारित संवादयोजनाका माध्यमबाट प्रस्तुत गरिएको देखिन्छ । यी कविताको काव्यिक स्वरूप शास्त्रीय शादूलबिक्रीडित छन्दमा संरचित रहे पनि त्यसका पाउ, विश्राम र अन्तराललाई भिन्न पात्रका कथनका रूपमा प्रस्तुत गरी कथ्यविषयलाई नाटकीकरण गरिएको पाइन्छ । कविताको आवरणमा नाटकीय सौन्दर्यको अभिव्यञ्जनामा आधारि संरचनालाई समूर्तन गरिएका पौड्यालका कृतिलाई नाटकमा विधाप्रत्ययन गर्नका लागि द्वन्द्वको भूमिका पनि समानान्तर शक्तिशाली देखिन्छ । प्रेम-अविश्वास, ज्ञान र अहङ्कार तथा ज्ञान-विज्ञान प्रमुख द्विचरबीचको द्वन्द्वात्मकतालाई नाटकीय शिल्पका रूपमा चयन गरी संरचित पौड्यालका कविताको नाटकमा विधाप्रत्ययन गर्ने बाहक बनेका देखिन्छन् । यसका साथै नाटकमा पात्रद्वारा गरिने अभिनयका लागि निर्धारण गरिएका सात्विक, आङ्गिक र वाचिक अभिनय र त्यसको नाटकीय निर्देशसमेतको उचित संयोजन गरिएका पौड्यालका कविता अभिनेयात्मकता र मञ्चनीयताका दृष्टिले काव्यिक अन्तर्वस्तु, संरचना र सौन्दर्यसत्ता

विघटन भई नाटकमा विधाप्रत्ययन गरिएका पाठमा परिणत भएको छ। परम्परागत साहित्यिक दर्शन र सिद्धान्तले कवितालाई केन्द्र मानी त्यसको रचनाका लागि प्रयोग गरिएका कविताइतरका अभिलक्षणलाई सहकारी घटकका रूपमा लिइने सहयोगी विषय मात्र माने पनि विधाभञ्जनले यसलाई विधागत विशेषताका आधारमा फरक पाठ मान्दछ। पौड्यालका मुक्तकाकार कविताको रचनाका लागि अवलम्बन गरिएको नाटकीयताका कारण यी रचना काव्यिक आवरणमा विधाप्रत्ययन भई नाटकीय रचनामा परिणत भएका छ। कविता रचनाका लागि नाटकको मिश्रण गरी सृजित यी रचनामा दुवै विधाका विधागत अभिलक्षणका आधारमा पठन, बोध र अध्ययन गर्नसकिन्छ। कविताको रचनाका लागि प्रयोग गरिएको यसप्रकारको अन्तर्मिश्रणका कारण कविता विधाप्रत्ययन गरिएको विधायित रचनामा परिणत भएको देखिन्छ भने यसमा विद्यमान काव्यिक विशेषताका कारण यी बहुविधात्मक सौन्दर्ययुक्त रचना बनेका देखिन्छन्।

**कृतज्ञताज्ञापन**

प्रस्तुत अनुसन्धानात्मक लेख मेरो विद्यावारिधि शोधप्रबन्ध नेपाली कवितामा विधाभञ्जन शीर्षकमा आधारित छ। मेरो विद्यावारिधि तहको अध्ययनका लागि विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरले विद्यावारिधि विद्वत्वृत्ति र अनुसन्धान सहयोग उपलब्ध गराई यस अध्ययन तथा अनुसन्धान कार्यलाई उल्लेखनीय सहयोग पुऱ्याएकोमा म विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु। यसका साथै मेरो लेखलाई स्थान दिई प्रकाशन गरिदिने अनुसन्धान व्यवस्थापन एकाइ ९चःऋ० र अध्ययन जर्नलप्रति विशेष आभार प्रकट गर्दछु।

**सन्दर्भ सामग्रीसूची**

उपाध्याय, केशवप्रसाद (२०७९). मुक्तक. *नेपाली साहित्यकोश* (दोस्रो संस्क). (सम्पा.) ईश्वर बराल र अन्य. नेपाल प्रज्ञा-प्रतिष्ठान। पृ. ५१

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रत्रा-प्रतिष्ठान।

गौतम, लक्ष्मणप्रसाद (२०६९). *कविताको सैद्धान्तिक विमर्श,* पाठ्य सामग्री पसल।

त्रिपाठी, वासुदेव (२०६४). *साहित्य सिद्धान्त : शोध र सृजनविधि,* पाठ्य सामग्री प्रकाशन।

पराजुली, कृष्णप्रसाद (२०७९). मुक्तक. *नेपाली साहित्यकोश* (दोस्रो संस्क). (सम्पा.) ईश्वर बराल र अन्य. नेपाल प्रज्ञा-प्रतिष्ठान। पृ. ७०४-७०५

पौड्याल, लेखनाथ (२०७६). *लालित्य भाग १* (आठौं संस्क.). साझा प्रकाशन।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

Abrams, M. H. (1999). A Glossary of Literary Term (7th edn.). UK & USA : Heinel and Heinel.

Ali, K. (2013). Genre Queer : Notes Against Generic Binaries. In Margot Singer & Nicole Walker (edt.). Bending Genre Essay on Creative Nonfiction. New York, London, Delhi & Sydeny : Bloomsbury. Pp

Boully, J. (2013). On the EEO Genre Sheet. In Margot Singer & Nicole Walker (edt.). Bending Genre Essay on Creative Nonfiction. New York, London, Delhi & Sydeny : Bloomsbury. Pp. 39-42

Derrida, J. (1980). "The Law of Genre". Avital Ronel (Trans.). Critical Enquiry. Vol 7(1). https://doi.org/10.1086/448088

Derrida, J. (1981). Writing and Diffarance. (Trans.) Alan Bass. Routledge Classic. https://doi.org/10.7208/chicago/9780226816074.001.0001

Sinding, M. (2002). After Definitions: Genre, Categories and Cognitive Science. Genre 35.2. Pp. 181-220.

Sutin, L. (2013). Don't Let those Damn Genres Cross You Ever Again!. In Margot Singer & Nicole Walker (edt.). Bending Genre Essay on Creative Nonfiction. New York, London, Delhi & Sydeny: Bloomsbury. 21-26